# नेपाल राजपत्र


श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, माघ ९ गते २०५७ साल (अतिरिक्ताङ्क ५२


## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५७ सालको अध्यादेश नं. २

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम ।**

**सशस्त्र प्रहरी बलको गठन र संचालन सम्बन्धी व्यवस्था गर्न बनेको अध्यादेश**

प्रस्तावना: नेपाल अधिराज्यमा शान्ति र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नको लागि तत्काल सशस्त्र प्रहरी बलको गठन र संचालन सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस अध्यादेशको नाम "सशस्त्र प्रहरी अध्यादेश, २०५७" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस अध्यादेशमा, -

(क) "राष्ट्रिय सुरक्षा परिषद्" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११८ बमोजिमको राष्ट्रिय सुरक्षा परिषद् सम्झनु पर्छ ।

(ख) "केन्द्रीय सुरक्षा समिति" भन्नाले दफा ७ बमोजिमको केन्द्रीय सुरक्षा समिति सम्झनु पर्छ ।

(ग) "सशस्त्र प्रहरी सेवा" भन्नाले दफा ३ बमोजिम गठित सशस्त्र प्रहरी बल अन्तर्गतको सेवा सम्झनु पर्छ ।

(घ) "सशस्त्र प्रहरी" भन्नाले सशस्त्र प्रहरी सेवामा नियुक्त भएको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "सशस्त्र प्रहरी अधिकृत" भन्नाले सशस्त्र प्रहरी सहायक निरीक्षक र सो भन्दा माथिको दर्जाको सशस्त्र प्रहरी अधिकृत सम्झनु पर्छ ।

(च) "राजपत्रांकित अधिकृत" भन्नाले सशस्त्र प्रहरी निरीक्षक र सो भन्दा माथिको दर्जाको सशस्त्र प्रहरी अधिकृत सम्झनु पर्छ ।

(छ) "आयोग" भन्नाले दफा ११ बमोजिम गठित सशस्त्र प्रहरी सेवा आयोग सम्झनु पर्छ ।

(ज) "अख्तियारवाला" भन्नाले दफा १३ बमोजिम नियुक्ति गर्न सक्ने अधिकारी सम्झनु पर्छ ।

(झ) "अन्य प्रहरी" भन्नाले प्रहरी ऐन, २०१२ अन्तर्गतको प्रहरी सम्झनु पर्छ ।

(ञ) "सशस्त्र प्रहरी विशेष अदालत" भन्नाले दफा २८ वा दफा २९ बमोजिम गठित सशस्त्र प्रहरी विशेष अदालत सम्झनु पर्छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस अध्यादेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद - २

## सशस्त्र प्रहरी बलको गठन र संचालन

३. सशस्त्र प्रहरी बलको गठन : (१) नेपाल अधिराज्यमा एक सशस्त्र प्रहरी बलको गठन गरिएको छ।

(२) उपदफा (१) बमोजिम गठित सशस्त्र प्रहरी बलमा रहने सशस्त्र प्रहरीको दरवन्दी संख्या श्री ५ को सरकारले तोकिदिए बमोजिम हुनेछ।

(३) सशस्त्र प्रहरी महानिरीक्षक सशस्त्र प्रहरी बलको प्रमुख हुनेछ।

(४) सशस्त्र प्रहरी बलको प्रधान कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र मातहतका कार्यालयहरु तोकिए बमोजिम हुनेछन्।

४. रेखदेख, नियन्त्रण र निर्देशन: (१) सशस्त्र प्रहरीको रेखदेख गर्ने, नियन्त्रण गर्ने र निर्देशन दिने अधिकार श्री ५ को सरकारलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम श्री ५ को सरकारलाई प्राप्त अधिकार श्री ५ को सरकारले मातहतका कुनै अधिकारीलाई आवश्यकता अनुसार प्रत्यायोजन गर्न सक्नेछ।

(३) श्री ५ को सरकार र उपदफा (२) बमोजिम अधिकार प्राप्त अधिकारीले दिएको आदेश तथा निर्देशनको पालना गर्नु सशस्त्र प्रहरीको कर्तव्य हुनेछ।

५. सशस्त्र प्रहरीको प्रशासन: सशस्त्र प्रहरीको प्रशासन यो अध्यादेश र यस अध्यादेश अन्तर्गत बनेको नियम तथा अन्य प्रचलित कानून र श्री ५ को सरकारले समय समयमा दिएको निर्देशनको अधिनमा रही सशस्त्र प्रहरी महानिरीक्षक तथा तोकिएका अन्य सशस्त्र प्रहरी अधिकृतले संचालन गर्नेछन्।

६. सशस्त्र प्रहरीको संचालन: (१) श्री ५ को सरकारले देहाय बमोजिमका कार्य गर्ने प्रयोजनको लागि सशस्त्र प्रहरी संचालन गर्नेछ :-

(क) नेपाल अधिराज्यको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र संघर्ष नियन्त्रण गर्न,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) नेपाल अधिराज्यको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र विद्रोह वा पृथकतावादी गतिविधि नियन्त्रण गर्न,

(ग) नेपाल अधिराज्यको कुनै भागमा भएको वा हुन सक्ने आतंककारी गतिविधि नियन्त्रण गर्न,

(घ) नेपाल अधिराज्यको कुनै भागमा भएको वा हुन सक्ने धार्मिक एवं साम्प्रदायिक दंगा नियन्त्रण गर्न,

(ङ) नेपाल अधिराज्यको कुनै भागमा भएको वा हुन सक्ने दैवी प्रकोप र महामारीबाट पीडितको उद्धारमा सहयोग पुऱ्याउन,

(च) नेपाल अधिराज्यको कुनै नागरिक वा अरु कसैलाई अपहरण गरिएमा अपहरित व्यक्तिको उद्धार गर्न वा अन्य कुनै किसिमको जघन्य तथा गम्भिर अपराध घटेमा वा गम्भिर प्रकृतिको अशान्ति भएमा वा हुने आशंका भएमा त्यसलाई नियन्त्रण गर्न,

(छ) नेपाल अधिराज्यको सीमावर्ती क्षेत्रमा सुरक्षा गर्न,

(ज) वाह्य आक्रमणको अवस्थामा शाही नेपाली सेनाको मातहतमा रही सहयोग गर्न,

(झ) श्री ५ को सरकारले तोकेको सार्वजनिक महत्वका भवन, संरचना र अन्य स्थल आदिको सुरक्षा गर्न,

(ञ) प्रतिनिधि सभा सदस्यको निर्वाचन र स्थानीय निकायको निर्वाचनको समयमा सुरक्षा व्यवस्थामा सहयोग पुऱ्याउन,

(ट) यो अध्यादेश र यस अध्यादेश अन्तर्गत बनेको नियममा उल्लेख भएका वा अन्य प्रचलित कानून बमोजिम तोकिएका कार्यहरु गर्न,

(ठ) श्री ५ को सरकारले समय समयमा तोके बमोजिमका अन्य कार्यहरु गर्न ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम श्री ५ को सरकारले नेपाल अधिराज्यको कुनै भागमा सशस्त्र प्रहरी संचालन गरेकोमा हप्तामा कम्तीमा एक पटक त्यस क्षेत्रमा संचालन भएका सशस्त्र प्रहरीको संख्या र सशस्त्र प्रहरीले गरिरहेको काम कारबाहीको सम्बन्धमा राष्ट्रिय सुरक्षा परिषद् र केन्द्रीय सुरक्षा समितिलाई जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम श्री ५ को सरकारलाई प्राप्त अधिकार श्री ५ को सरकारले मातहतका कुनै अधिकारीलाई आवश्यकता अनुसार प्रत्यायोजन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अधिकार प्राप्त अधिकारीले नेपाल अधिराज्यको कुनै भागमा सशस्त्र प्रहरी संचालन गरेकोमा हप्तामा कम्तीमा एक पटक त्यस क्षेत्रमा संचालन भएका सशस्त्र प्रहरीको संख्या र सशस्त्र प्रहरीले गरिरहेको कामकारवाहीको सम्बन्धमा श्री ५ को सरकारलाई जानकारी गराउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त जानकारी श्री ५ को सरकारले राष्ट्रिय सुरक्षा परिषद् र केन्द्रिय सुरक्षा समितिलाई दिनु पर्नेछ ।

७. केन्द्रीय सुरक्षा समितिः (१) दफा ६ को उपदफा (१) को प्रयोजनको लागि श्री ५ को सरकारलाई आवश्यक सुझाव दिन देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु रहेको केन्द्रीय सुरक्षा समिति रहनेछ :-

(क) गृह मन्त्री वा राज्य मन्त्री - अध्यक्ष

(ख) बलाधिकृत, शाही नेपाली सेना - सदस्य

(ग) सचिव, रक्षा मन्त्रालय - सदस्य

(घ) सचिव, गृह मन्त्रालय - सदस्य

(ङ) प्रहरी महानिरीक्षक - सदस्य

(च) सशस्त्र प्रहरी महानिरीक्षक - सदस्य

(छ) प्रमुख, राष्ट्रिय अनुसन्धान विभाग - सदस्य

(ज) सह-सचिव, गृह मन्त्रालय -सदस्य-सचिव

(२) केन्द्रीय सुरक्षा समितिको वैठकमा आवश्यकता अनुसार अन्य सम्वन्धित अधिकारीलाई आमन्त्रण गर्न सकिने छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ। 546

८. शाही नेपाली सेनाको नियन्त्रणमा रहने: नेपाल अधिराज्यको कुनै भागमा शान्ति र सुव्यवस्था कायम गर्ने प्रयोजनको लागि शाही नेपाली सेना सञ्चालन भएको अवस्थामा शाही नेपाली सेना सञ्चालन भएको अवधिभर सम्बन्धित ठाउँका सशस्त्र प्रहरी शाही नेपाली सेनाको नियन्त्रणमा रहनेछन् ।

## परिच्छेद - ३

## सेवाका शर्तहरु

९. सेवाका पद र पदावधि: (१) सशस्त्र प्रहरी सेवामा सशस्त्र प्रहरी महानिरीक्षक र तोकिए बमोजिमका अन्य पदहरु रहनेछन् ।

(२) सशस्त्र प्रहरी महानिरीक्षकको पदावधि चार वर्षको हुनेछ र अन्य राजपत्रांकित अधिकृतहरुको पदावधि आवश्यकता अनुसार तोकिए बमोजिम हुनेछ ।

१०. पदपूर्ति: सशस्त्र प्रहरी सेवाको पदपूर्ति तोकिए बमोजिम हुनेछ ।

११. सशस्त्र प्रहरी सेवा आयोग: (१) सशस्त्र प्रहरी सेवाको खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफारिश गर्न देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु रहेको सशस्त्र प्रहरी सेवा आयोगको गठन हुनेछ :-

(क) श्री ५ को सरकारको सेवाको विशिष्ट श्रेणीको पदमा बहाल रहेको अधिकृत वा सो पदबाट अवकाश प्राप्त व्यक्तिहरु मध्येबाट श्री ५ को सरकारले तोकेको व्यक्ति - अध्यक्ष

(ख) खण्ड (क) बमोजिम अध्यक्ष हुन योग्यता पुगेका व्यक्तिहरु मध्येबाट श्री ५ को सरकारले तोकेको व्यक्ति - सदस्य

(ग) सचिव, गृह मन्त्रालय - सदस्य

(घ) प्रतिनिधि, (विशिष्ट श्रेणी) शाही नेपाली सेना - सदस्य

(ङ) सशस्त्र प्रहरी महानिरीक्षक -सदस्य-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५८८

(२) आयोगको अध्यक्ष तथा सदस्यको पदावधि चार वर्षको हुनेछ र निजहरु पुनर्नियुक्तिका लागि योग्य हुनेछन् ।

(३) आयोगको अध्यक्ष तथा सदस्यको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) आयोगले तोकिए बमोजिमको तरिका र आधारमा उम्मेदवारको उपयुक्तता जाँची नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिश गर्नेछ ।

(५) आयोगले आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ ।

(६) आयोगको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(७) आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा श्री ५ को सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालन गर्ने गरी सुम्पन्न सक्नेछ ।

१२. आयोगको सिफारिशमा नियुक्ति हुने: सशस्त्र प्रहरी सेवाको खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा आयोगको सिफारिशमा नियुक्ति गर्नु पर्नेछ ।

१३. नियुक्ति गर्ने अधिकारी: राजपत्रांकित अधिकृतको नियुक्ति श्री ५ को सरकारले र अन्य सशस्त्र प्रहरीको नियुक्ति तोकिएको अधिकारीले गर्नेछ ।

१४. उम्मेदवार हुन चाहिने योग्यता: खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने सशस्त्र प्रहरी सेवाको पदमा उम्मेदवार हुन चाहिने न्यूनतम शैक्षिक योग्यता र अन्य योग्यता तोकिए बमोजिम हुनेछ ।

१५. सरुवा र बढुवा: सशस्त्र प्रहरीको सरुवा र बढुवा तोकिए बमोजिम हुनेछ ।

१६. स्थानान्तरण गर्न सक्ने: (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि आयोगको गठन नभएसम्मको लागि श्री ५ को सरकारले शाही नेपाली सेनाको बहालवाला सैनिक तथा अन्य प्रहरी सेवाका बहालवाला प्रहरीलाई सशस्त्र प्रहरी सेवामा स्थानान्तरण गरी पदस्थापन गर्न सक्नेछ र यसरी सशस्त्र प्रहरी सेवामा पदस्थापन भएका सैनिक तथा अन्य प्रहरीको सेवा सशस्त्र प्रहरी सेवामा गणना हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिपछि मात्र लागु हुनेछ।

(२) सशस्त्र प्रहरीलाई शाही नेपाली सेना वा अन्य प्रहरी सेवामा स्थानान्तरण गरिने छैन र आयोगको गठन भएपछि शाही नेपाली सेनाका सैनिक तथा अन्य प्रहरी सेवाका प्रहरीलाई पनि सशस्त्र प्रहरी सेवामा स्थानान्तरण गरिने छैन ।

१७. शपथ ग्रहण: पहिलो पटक नियुक्ति भई आफ्नो कार्यभार सम्हाल्नु अघि प्रत्येक सशस्त्र प्रहरीले तोकिए बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ ।

१८. पदाधिकार कायम रहने: देहायको अवस्थामा सशस्त्र प्रहरीको आफ्नो पद माथिको पदाधिकार कायम रहनेछ :-

(क) आफ्नो पदमा कामकाज गरिरहँदा सम्म,

(ख) सरुवा भई कार्यभार सम्हाल्न पाईने म्यादसम्म,

(ग) बिदामा बसेको अवधिभर,

(घ) निलम्बनमा रहेको अवधिभर,

(ङ) श्री ५ को सरकारद्वारा तोकिदिएको काम गरुन्जेलको अवधिभर,

(च) अन्य पदमा कायम मुकायम भई काम गरेको अवधिभर ।

१९. विभागीय कारवाही, सजाय र पुनरावेदन: (१) सशस्त्र प्रहरीले आफ्नो कर्तव्य पालन गर्दा असावधानी वा लापरबाही गरेमा वा कुनै कर्तव्य पालन गर्नबाट बच्नको लागि कुनै बहाना गरेमा वा आफ्नो कर्तव्य पालन गर्न असक्षम भएमा वा अनुशासन भंग गरेमा वा तोकिए बमोजिमको कुनै अनुचित आचरण गरेमा वा दफा २४ बमोजिमको कर्तव्यको पालना नगरेमा वा दफा २७ बमोजिमको अपराध गरेमा वा तोकिएको अन्य अवस्थामा त्यस्तो सशस्त्र प्रहरीलाई कसूरको मात्रा अनुसार भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त गर्न, भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन वा तोकिए बमोजिमको अन्य विभागीय सजाय गर्न सक्नेछ ।

(२) सशस्त्र प्रहरीलाई विभागीय सजायको आदेश दिने अधिकार अख्तियारवालालाई हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी सशस्त्र प्रहरीलाई विभागीय सजायको आदेश दिने अधिकारी तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (२) वा (३) बमोजिम विभागीय सजायको आदेश दिन पाउने अधिकारीले उपदफा (१) बमोजिम सजायको आदेश दिंदा सजायको आदेश दिनु पर्ने कारण तथा आधार सहितको अभियोग, सो सम्बन्धमा जाँचबुझ गरेको ब्यहोरा, निजलाई सफाईको मौका दिईएकोमा निजको सफाईको जिकिर र सो जिकिर बमोजिम थप केही बुझिएको भए सो सम्बन्धमा समेत आफ्नो राय ठहर लेखी र सफाईको मौका नदिईएकोमा सो मौका दिन मनासिव नपरेको कारण, आधार र अवस्था समेत देखाई ब्यहोरा खुलाईएको पर्चा खडा गरी सही गरी मिसिल सामेल राख्नु पर्छ।

(५) सशस्त्र प्रहरीलाई दिईएको विभागीय सजायको आदेश उपर तोकिएको अधिकारी समक्ष पुनरावेदन लाग्नेछ।

२०. निलम्वन गर्ने: (१) दफा १९ बमोजिम विभागीय कारवाहीमा परेको सशस्त्र प्रहरीलाई सजायको आदेश दिन पाउने अधिकारीले तोकिएको अवधिसम्म निलम्बन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निलम्वन गर्नुअघि त्यस्तो सशस्त्र प्रहरीलाई सजायको आदेश दिने अधिकारीले निशस्त्र गराउने छ।

(३) सशस्त्र प्रहरी देहायको अवस्थामा स्वत: निलम्बन भएको मानिने छ :-

(क) दफा २७ बमोजिमको अपराधको आरोप लागेको सशस्त्र प्रहरी पक्राउ परेको भए पक्राउ परेको मितिबाटै र पक्राउ नपरेको भए मुद्दा दायर गर्ने निर्णय भएको मितिदेखि,

(ख) कुनै फौज्दारी अभियोगमा गिरफ्तार भै थुनिएकोमा त्यसरी थुनिएको अवधिभर।

(४) कुनै सशस्त्र प्रहरी सरकारी कामको सम्बन्धमा वा श्री ५ को सरकारको तर्फबाट भएको कारवाईको फलस्वरुप निलम्बन भएमा सो निलम्बनको अवधिभर निजले खाई पाईआएको तलबको आधा तलब मात्र पाउनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर लागेको आरोप प्रमाणित नभई निजले सफाई पाएमा निलम्बन रहेको अवधिमा आधा तलब पाएको भए सो कट्टा गरी र नपाएको भए पूरा तलब (तलब वृद्धि हुने भएमा सो समेत) पाउने छ। कसूरदार ठहरिएमा निलम्बन भएको मिति देखिको बाँकी तलब पाउने छैन।

(५) कुनै सशस्त्र प्रहरी उपदफा (४) मा उल्लिखित कारण बाहेक अन्य कुनै कारणबाट निलम्बन रहन गएको रहेछ भने निजले त्यसरी निलम्बन रहेको अवधिको तलब पाउने छैन।

२१. मनमानी बर्खासी इत्यादिबाट बचाउः कुनै सशस्त्र प्रहरीलाई विभागीय सजाय गर्दा देहायको अवस्थामा बाहेक निजलाई सो गर्नु नपर्ने कारण देखाउन मनासिब अवधि तोकी सफाईको मौका दिनु पर्नेछ :-

(क) नैतिक पतन देखिने फौज्दारी अभियोगमा कसूरदार ठहरी अदालतबाट कैदको सजाय पाएको,

(ख) दफा २७ बमोजिमको अपराध ठहरी कैदको सजाय पाएको, वा

(ग) सफाईको मौका दिन मनासिब नपर्ने अवस्था देखाई ब्यहोरा खोली सजाय दिने अधिकारीले पर्चा खडा गरेको।

२२. मुद्दा चलाउन बाधा नपर्नेः कुनै सशस्त्र प्रहरीले यो अध्यादेश वा अन्य प्रचलित कानून बमोजिम कसूर ठहरिने अपराध गरेमा त्यस्तो प्रहरी उपर दफा १९ बमोजिम विभागीय कारवाही वा सजाय भएकै कारणले मात्र यो अध्यादेश वा अन्य प्रचलित कानून बमोजिम निजलाई मुद्दा चलाउन र सजाय गर्नमा बाधा पुऱ्याएको मानिने छैन।

२३. तलब, भत्ता तथा अन्य सुविधा र सेवाका अन्य शर्तहरुः सशस्त्र प्रहरीको तलब, भत्ता तथा अन्य सुविधा र सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछन्।

## परिच्छेद-४

## सशस्त्र प्रहरीको कर्तव्य र अधिकार

२४. सशस्त्र प्रहरीको कर्तब्य र अधिकारः (१) सशस्त्र प्रहरीको कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद -५ अन्तर्गतको कसूर गरेको अवस्थामा त्यस्तो मुद्दाको शुरु कारवाही र किनारा गर्न श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी छुट्टै सशस्त्र प्रहरी विशेष अदालतको गठन गर्न सक्नेछ र त्यस्तो अदालतमा रहने अध्यक्ष र सदस्य सोही सूचनामा तोके बमोजिम हुनेछ।

३०. गिरफ्तारी र हिरासतमा राख्ने: (१) परिच्छेद ५ अन्तर्गतको कुनै कसुरको अभियोग लागेको कुनै सशस्त्र प्रहरीलाई निज भन्दा माथिको जुनसुकै दर्जाको सशस्त्र प्रहरी अधिकृतको आदेशले गिरफ्तार गरी हिरासतमा राख्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम हिरासतमा राख्नु भन्दा अघि त्यस्तो सशस्त्र प्रहरीलाई निशस्त्र गरिनेछ।

(३) उपदफा (१) बमोजिम गिरफ्तार गरी हिरासतमा राखिएकोमा त्यसको सूचना यथाशक्य चाँडो अभियुक्त कार्यरत रहेको निकायको प्रमुख र सशस्त्र प्रहरी महानिरीक्षकलाई दिनु पर्नेछ।

३१. बयान लिने र साक्षी प्रमाण बुझ्ने व्यवस्था: (१) सशस्त्र प्रहरी विशेष अदालतले मुद्दासंग सम्बन्धित अभियुक्तको बयान लिई मिसिल सामेल राख्नेछ।

(२) मुद्दाको सुनवाईको क्रममा कुनै लिखत प्रमाण बुझ्नु परेमा सशस्त्र प्रहरी विशेष अदालतले सो प्रमाण पेश गर्न सम्बन्धित निकाय वा अधिकारीलाई आदेश दिन सक्नेछ र सो निकाय वा अधिकारीले पनि निर्धारित समय भित्र माँग बमोजिमको लिखत प्रमाण पेश गर्नु पर्नेछ।

(३) मुद्दाको सुनवाईको क्रममा कुनै साक्षीबाट केही बुझ्नु पर्ने देखेमा सशस्त्र प्रहरी विशेष अदालतले त्यस्तो साक्षीलाई समाव्हान जारी गरी बुझ्न सक्नेछ।

तर बुझ्नु पर्ने साक्षीलाई बोलाउँदा अनावश्यक ढिलाई वा खर्च हुने वा असुविधा हुने सशस्त्र प्रहरी विशेष अदालतलाई लागेमा बन्दसवाल गरी साक्षी रहेको वा बसेको जिल्लाको प्रमुख जिल्ला अधिकारीले साक्षी बुझी पठाउने गरी सशस्त्र प्रहरी विशेष अदालतले आदेश गर्न सक्नेछ।

(४) सशस्त्र प्रहरी विशेष अदालतको अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

522

३२. मुद्दा किनारा गर्नु पर्ने अवधि: सशस्त्र प्रहरी विशेष अदालतले मुद्दामा साक्षीबुझेको मितिले सामान्यतया नब्बे दिन भित्र मुद्दाको किनारा गरिसक्नु पर्नेछ ।

३३. थुना र कारागार सम्बन्धी व्यवस्था: सशस्त्र प्रहरी विशेष अदालतको आदेश बमोजिम अभियुक्तलाई मुद्दाको पुर्पक्षको सिलसिलामा थुनामा राख्नु परेमा वा फैसला बमोजिम कारागारमा राख्नु परेमा श्री ५ को सरकारले नेपाल अधिराज्यको जुनसुकै कारागारमा पनि थुन्न पठाउन सक्नेछ ।

३४. पुनरावेदन सम्बन्धी व्यवस्था: सशस्त्र प्रहरी विशेष अदालतले गरेको निर्णयमा चित्त नबुझ्नेले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ ।

३५. समन्वय समिति: (१) नेपाल अधिराज्यभित्र शान्ति र सुब्यबस्था कायम गर्ने कार्यमा सशस्त्र प्रहरी र अन्य प्रहरी संगठनको बीच सामन्जस्यता ल्याउन र समन्वय गर्न केन्द्रमा गृह मन्त्रालयको सचिवको संयोजकत्वमा प्रहरी महानिरीक्षक र सशस्त्र प्रहरी महानिरीक्षक सदस्य रहेको एक समन्वय समिति रहने छ ।

(२) उपदफा (१) को प्रयोजनको लागि क्षेत्रीय तथा जिल्ला स्तरमा पनि तोकिए बमोजिमका पदाधिकारीहरु रहेको समन्वय समिति रहन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको समन्वय समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

३६. अधिकार प्रत्यायोजन: यो अध्यादेश वा यस अध्यादेश अन्तरगत बनेको नियम बमोजिम अधिकार प्राप्त अधिकारीले आफूलाई प्राप्त अधिकार आफ्नो जिम्मेवारीमा आफू भन्दा मुनिको अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३७. नियम बनाउने अधिकार: यस अध्यादेशको उद्देश्य कार्यान्वयन गर्नको लागि श्री ५ को सरकारले आबश्यक नियम बनाउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८. <u>बचाउ</u>: प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस अध्यादेशमा लेखिए जति कुरामा यसै अध्यादेश बमोजिम हुनेछ ।

लालमोहर सदर मिति : २०५७।१०।९।२

आज्ञाले,

उदय नेपाली श्रेष्ठ

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार